दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**कृषि उत्पादन बढाऔं**
-खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं ।
-जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं ।
-स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं ।
-प्राङ्गरिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं ।
-कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं ।
-कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं ।
-कृषि अनुदानको सही सदुपयोग गरौं ।
-बाली तथा पशुपन्छीहरुमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरुसँग सल्लाह सुझाव लिऔं ।
-कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक ०२ | बुटवल | २०८१ पौष १२, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Dec.27, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# वार्षिक ८ करोडको सिमी बेच्दै देवदहको सरनबारी





**टिआर शर्मा**

*बुटवल*

देवदह-६ माथिल्लो शरनबारीका बसन्त जर्घाले यो सिजनमा मात्रै साढे दुई लाख रुपैयाँको सिमी बिक्री गरे । असोजमा धान बाली भित्राए लगत्तै उनले एक बिघा १० कठ्ठामा सिमी खेती सुरु गरे । जर्घाले माघसम्म अझै ५० हजार बराबरको सिमी उत्पादन गरी बिक्री गर्ने अनुमान छ ।

देवदह-६ माथिल्लो शरनबारीकै तिलकसिंह रानाले यस वर्ष दुई लाख रुपैयां बढीको सिमी बिक्री गरे ।

रानाले पनि एक बिघा खेतभरि सिमी खेती गर्छन् । 'मंसिर पहिलो हप्तादेखि बेच्न शुरु गरेको दुई लाख भन्दा धेरैको सिमी बेचिसकें,' रानाले भने-'माघसम्म फल्छ,त्यो बेलासम्म अझै ४०-५० हजारको बेच्छु ।'

देवदह-६ तल्लो शरनबारीकी लालकुमारी सिंजालीले ४० हजारको सिमी बेचिन् ।

बसन्त, तिलक सिंह र लालकुमारी जस्तै शरनबारी सिंगो गाउंका प्रत्येक परिवार कृषिमा आश्रित छन् । दुई घर दलित वाहेक सबै मगर समुदायको बसोबास रहेको शरनबारी रुपन्देहीकै चुरे पहाड क्षेत्रको बेग्लै पहिचान बोकेको नमूना वस्ती हो ।

शरनबारीमा १६० घरधुरी छन् । गाउँभरिको जनसंख्या ६३५ मात्रै छ । यहाँका बासिन्दाको न्यूनतम ५ कठ्ठादेखि डेढ बिघासम्म खेत छ ।

उनीहरुले धान सहित सबै खेतीमा रासायनिक मलको प्रयोग गर्दैनन् । प्रांगारिक मल मात्रै प्रयोग गर्छन् ।

यो वर्ष शरनबारी गाउंका किसानले करिब ८ करोड रुपैयांको सिमी बिक्री गरेका छन् । प्रांगारिक भएकाले सजिलै बिक्री हुने भएकाले बुटवलका थोक तरकारी ब्यापारीहरु गाडी लिएर शरनबारीमा घर घरमा सिमी खरिद भन्ने समस्या छैन । नगरपालिकाले समर्थन मूल्य नतोकेकाले बिचौलिया हावी हुँदा उचित मूल्य पाउन नसकेको देवदह नगरपालिका वडा नं ६ का अध्यक्ष खेमबहादुर थापा बताउंछन् ।

'यो वर्ष शरनबारीले करिब ८ करोड रुपैयांको सिमी उत्पादन गरेर बेचेको छ,' वडाध्यक्ष थापाले भने-'बजारको समस्या छैन, तर बिचौलिया ब्यापारीको मिलेमतोले किसानले उचित मूल्य पाउन सकेका छैनन् ।' गाउंमा सिंचाइको पर्याप्त सुविधा र सडकको सहज पहुंच पनि नभएको वडाध्यक्ष थापाले बताए । वडाध्यक्ष थापाले नगरपालिकाले शरनबारीलाई सिमी पकेट क्षेत्र र पूर्ण अर्गानिक गाउं घोषणा गर्नुपर्ने माग गरे ।

स्थानीय युवा अगुवा लोकेन्द्र जर्घामगरले नगरपालिकाले किसानलाई आधुनिक कृषि प्रविधिसंग जोड्न नसक्दा गाउंलेहरु परम्परागत खेती भन्दा माथि उठ्न नसकेकाले प्रांगारिक कृषिमा धेरै सम्भावना भएर पनि शरनबारी पछाडि परेको औंल्याए ।

'कुलोको पानीले बाह्रै महिना सिंचाई सुविधा नपुग्ने भएकाले थोपा सिंचाई प्रणाली र मल्चिङ प्रविधिमा तरकारी खेती गराउन स्थानीय सरकारले प्राथमिकता दिनुपर्छ'-जर्घाले भने-'सरकारले किसानमैत्री नीति र कार्यक्रम बनाउने हो भने शरनबारी प्रदेशकै नमूना अर्गानिक गाउं बन्छ ।'

देवदहका बुद्धिजिवी सिद्धिचरण भट्टराईले शरनबारीको सिमीको ब्राण्डिङ र प्याकेजिङ गरी किसानले उचित मूल्य पाउने वातावरण नगरपाकिलाले बनाउनुपर्ने सुझाए । शरनबारीलाई अर्गानिक गाउं घोषणा र सिमी पकेट क्षेत्र बनाउन दवाव दिने उद्देश्यले शरनबारीमै मिडिया फेस्टिबल आयोजना गरी वहस थालेको देवदह प्रेस क्लबका अध्यक्ष विष्णुप्रसाद पोखरेलले बताए । '

देवदहका १२ वटै वडाका कृषि उत्पादनलाई ब्राण्डिङ र बजारिकरणमा स्थानीय सरकारलाई दवाव दिन हरेक वर्ष मिडिया फेस्टिबलमार्फत ध्यानाकर्षण गराएका छौं'-पोखरेलले भने-'क्लबले मिडिया क्षेत्रसंगै देवदहको कृषि,पर्यटन र व्यवसायिक सम्भावनाको खोजी र समस्या समाधानमा मार्गनिर्देशन गर्न प्यानल छलफल गराउंछ ।'

देवदह नगरपालिकाका प्रमुख ध्रुव खरेलले शरनबारीलाई अर्गानिक गाउं घोषणा गर्ने उद्देश्यले नगरपालिकाले ५० प्रतिशत अनुदानमा प्रांगारिक मल वितरण गरेको बताए । सिमीलाई बेमौसममा पनि विक्रि गर्न सकिन्छ कि भनेर परीक्षण गर्न यो वर्ष १० क्वीन्टल सिमी प्रति केजी ५० रुपैयांमा खरिद गरेर नगरपालिकाले चिस्यान केन्द्रमा राखेको र सफल भए नगरमै चिस्यान केन्द्र बनाउने सोंचमा रहेको खरेलले बताए ।

देवदहको मुख्य बजारमा कोसेली घर स्थापना गरी सिमी विक्रि गर्न सटर भाडामा लिई भाडा तिर्न र गाउंमा बिचौलियाको अन्त्य गरी किसानलाई उचित मूल्य दिन, सिंचाई सुविधा पर्याप्त बनाउन नगरपालिका लागिपरेको खरेलले बताए ।

# दैनिक लुम्बिनीको ३७औं वार्षिकोत्सव मनाइयो



बुटवल । निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालकै पहिलो राष्ट्रिय दैनिक लुम्बिनीले ३७ औं वार्षिकोत्सव मनाउन शुरु गरेको छ । बिहीबार पत्रिकाको कार्यालयमा पत्रिकाका सञ्चालक, पत्रकार र कर्मचारीको उपस्थितिमा वार्षिकोत्सव कार्यक्रमको शुभारम्भ केक काटेर सुरु गरिएको छ ।

कार्यक्रममा पत्रिकाको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेशन्स प्रालिका अध्यक्ष मोहन चापागाईं, पूर्व अध्यक्ष एमबी विश्वकर्मा, सम्पादक शेरबहादुर केसी, सहसम्पादक टिआर शर्मा, प्रबन्ध सञ्चालक महेश रिजाल, भाषा सम्पादक डीबी टण्डन (विजय), लुम्बिनी पत्रिका अनलाइनका संयोजक आचार्य प्रदीप लगायत पत्रकार र कर्मचारीले एक आपसमा शुभकामना र खुशी साटासाट गरेका थिए । सो अवसरमा अध्यक्ष चापागाईंले वार्षिकोत्सवका अवसरमा विभिन्न रचनात्मक कार्यक्रमहरु गरिने

बताए । पूर्व अध्यक्ष एमबी विश्वकर्माले पत्रिकालाई थप उचाईमा पुऱ्याउने गरी वार्षिकोत्सव मनाइने बताए । कार्यक्रममा पत्रकारहरु तिलक महत, खिम खड्कालगायतले निष्पक्ष र जनपक्षीय पत्रकारितामा दैनिक लुम्बिनीको योगदान अग्रणी रहेको बताए ।

# दोस्रो देवदह मिडिया फेस्टिबल सुरु




देवदह । रुपन्देहीको देवदहमा दोस्रो मिडिया फेस्टिबल शुरु भएको छ । देवदह प्रेस क्लबको आयोजनामा देवदह -६ सरहनबारीमा विहिबार देखि दोस्रो मिडिया फेस्टिबल शुरु भएको हो ।

फेस्टिबलमा देवदह नगर प्रमुख ध्रुवप्रसाद खरेलले सम्बोधन गर्दै यस्ता खालका बैचारिक बहस हुनु सकारात्मक रहेको बताए । क्लबका अध्यक्ष विष्णु पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख खरेलले नगरपालिकाले पर्यटन र कृषिलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

उद्घाटन सत्रका प्रमुख अतिथी समेत रहेका खरेलले कृषि र पर्यटन प्रबर्द्धनका लागी मिडिया क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने भएकोले मिडिया संग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । कार्यक्रममा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्दिचरण भट्टराई, देवदह नगरपालिकाका पूर्व नगर प्रमुख हिरा बहादुर खत्री, देवदह नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष खेम बहादुर थापा, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, नेपाली काँग्रेसका नगर सभापति गुनाखर भूर्तेल लगायतले बोल्दै मिडिया क्षेत्र समाज रुपान्तरणको सम्बाहक भएकोले कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

फेस्टिभलमा पहिलो दिनको पहिलो सेसनमा विकासको बाटोमा देवदह : कहाँ पुग्यो, त्यसै गरि दोस्रो सेशन "नेपाली मिडिया : बढ्दो आर्थिक संकट, घट्दो विश्वसनीयता" सम्बन्धि विषयमा नेता तथा विश्लेषकहरूसँग प्यानल छलफल भएको थियो । सोही अवसरमा अग्रज पत्रकार सम्मानबाट भिम प्रसाद गुरुङ, निर्मल ढुङ्गाना, कमल प्रसाद न्यौपाने, रमेश पोखरेल, लक्ष्मण न्यौपाने र योगदान पत्रकार पुरस्कारबाट शान्ति विक, बिष्णु ज्ञवाली, मोहन ठाकुर, देवराज गुरुङ, सिबि सुनारी र मनमाया थापालाई सम्मान गरिएको उपाध्यक्ष कमला अर्यालले बताइन् ।

फेस्टिबलको दोस्रो दिन "सरहनको सिमी : उत्पादन र बजारीकरण", "आध्यात्मिक पर्यटन र बृहतर लुम्बिनी", "आम सन्तुष्टि र लोकप्रियतावाद गरी ३ वटा सेशनमा नेपालको राजनीतिमा चर्चित नेताहरू मीन बहादुर विश्वकर्मा, रामकुमारी झाँक्री, मनिष झाको उपस्थितिमा प्यानल डिस्कसन हुने सचिव निर्मल थापाले बताए ।

निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको **३६ औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेशको सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।
साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**रेसुङ्गा नगरपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**बाबुराम पल्ली**
प्रमुख प्रशासकीय अधिकृत

**खिलध्वज पन्थी**
नगर प्रमुख

अनुरोधक :
रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## अदालतको विश्वास जगाउने बेला

न्यायिक निरूपण सुस्त हुँदा न्यायालयप्रति विश्वास बढ्न नसकिरहेको बेला सर्वोच्च अदालतले पूराना मुद्दाको फैसलालाई प्राथमिकता दिनु सकारात्मक छ। अदालतमा मुद्दा दायर भएपछि फैसला हुन बर्षौं लाग्दा न्याय पाएको अनुभूति नहुने र अदालतको गरिमा कायम नहुने प्रवृत्ति मौलाएका बेला पूराना मुद्दाको छिनोफानो गर्न प्राथमिकता दिने प्रधानन्यायाधीश प्रकाशबहादुर रावतको योजना कार्यान्वयन भइरहेको छ।

राउतले सर्वोच्चको कार्यभार सम्हालेको दुई महिना पुग्न लागेको छ। यो अवधिमा सर्वोच्चमा पुराना मुद्दामा पाँच सय थानमात्र थपिएका छन् भने ४० प्रतिशतको दरले फैसला भइरहेका छन्।

सर्वोच्च अदालतले शुक्रबार र बुधबार बाहेक अन्य चार दिन अभियान फाँटअन्तर्गत पुराना मुद्दा पेसी तोक्ने गरेको छ। शुक्रबार र बिहीबार संवैधानिक इजलास बस्ने भएकाले उक्त दिन अभियान फाँटका मुद्दा पेसी तोकिँदैनन्। पाँच वर्ष पूरा भएपछि स्वतः अभियान फाँटमा मुद्दा तोकिने, अभियानका मुद्दा हटाउन नपाउनेदेखि एक महिनादेखि तीन महिनासम्मको पेसी तोकिनुपर्ने नियम बनाइएको छ। जसले पूराना मुद्दाको टुंगो लगाउनै पर्ने बाध्यता आएको छ।सर्वोच्च अदालतमा १७ न्यायाधीश कार्यरत छन्। बिहीबार बाहेक कम्तीमा सात वटा इजलास बस्दा यी मुद्दा प्राथमिकतामा राखेर साथ पेसी तोकिने व्यवस्थाले पूराना मुद्दाको किनारा लाग्न सहज भएको छ।

ढिला न्याय पाउनु न्याय नपाउनु सरह हो। छिटो छरितो न्यायिक निरुपणले न्यायालयप्रतिको सम्मान वृद्धि हुन्छ। न्यायालयप्रतिको गरिमा बढ्दा समग्र शासन प्रक्रिया र राज्य व्यवस्थाप्रति नै नागरिकको अपनत्वबोध हुने हो। न्यायालयप्रति सम्मान र गरिमा बढाउन प्रधानन्यायाधीश रावतको सक्रियता अझै बढाउन आवश्यक छ। प्रधानन्यायाधीशको सक्रियतामा न्यायालयका कार्यरत न्यायाधीश र राज्य संयन्त्रको पनि साथ आवश्यक छ।

सर्वोच्च अदालतले लामो समयदेखि बाँकी रहेका मुद्दा छिटो छरितो फर्स्योट गर्ने प्रमुख योजनाका साथ २०८१ साउन १ गतेदेखि न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना लागु गरेको छ। 'सबैका लागि न्याय' भन्ने अवधारणासहित तयार पारिएको रणनीतिक योजनाले छिटोछरितो रूपमा मुद्दाको सुनुवाइ गरी न्यायिक निरूपण गर्ने लक्ष्य राखेको छ। तर पनि अझै न्यायिक निरूपण सहजै र छिट्टै भइरहेको छैन्। पूराना मुद्दाको हकमा सर्वोच्च अदालतले जुन सक्रियता देखाएको छ, पूरना नभएका मुद्दाको पनि फैसला छिटोछरितो गर्न आवश्यक छ। अदालतप्रतिको भरोसा र विश्वास बढाउने अवसर पनि हो यो बेला। चौतर्फी निराशा बढिरहेको बेला आशा जगाउने अवसरको रुपमा रणनीतिक योजना कार्यान्वयनलाई लिनुपर्छ।

# क्यानन्को आयोजनामा इन्टर कलेज फुटबल सुरु



बुटवल। बुटवल-८ सुख्खानगरस्थित क्यानन् माविको आयोजनामा बिहीबारदेखि सेभेन ए साइड इन्टर कलेज फुटबल प्रतियोगिता शुरु भएको छ।

प्रतियोगिताको बुटवल नगर खेलकुद विकास समिति अधयक्ष बोनिन पियाले उद्घाटन गरे। सो अवसरमा बोल्दै पियाले शैक्षिक गुणस्तर सँगै खेलकुदमा पनि क्यानन अगाडि रहेको चर्चा गर्दै खेलकुदका विभिन्न विधामध्ये एक विद्यालयले एक विधालाई प्राथमिकता दिएर लगानी गरे राम्रो नतिजा आउने बताए। विद्यार्थीले पनि आफ्नो रुचिको कुनै एक खेल रोजेर त्यसमै मेहनत गरे सफल भइने सुझाव दिए। हरेक विद्यालयमा खेल शिक्षक आवश्यक रहेको भन्दै उनले खेलकुदले विद्यार्थीलाई अनुशासित र मर्यादित बनाउने बताए। विद्यालय व्यवस्थापन समिति अध्यक्ष थानेश्वर पौडेल, प्रबन्ध निर्देशक दीपक पौडेल, वरिष्ठ शिक्षक वेदनिधि घिमिरे, अतिरिक्त क्रियाकलाप प्रमुख मिनराज गिरी, पवन बस्याल लगायतले बोल्दै स्वस्थ जीवन र मानसिक स्वास्थ्यका लागि खेलकुद प्रतियोगिताहरुको महत्वपूर्ण भूमिका हुने बताए। खेलमा सफलता हासिल गर्न स्कुल/कलेज जीवनबाट नियमित अभ्यास र प्रतियोगितामा भाग लिनुपर्नेमा उनीहरुले जोड दिए।

प्राचार्य शंकर भण्डारीले विद्यार्थीको खेल प्रतिभा प्रस्फुटन गराउन, अन्तर विद्यालय र विद्यार्थीबीच आत्मीय सम्बन्ध विस्तार, सामूहिक भावनाको विकास र राष्ट्रिय खेलाडी उत्पादनको लक्ष्य सहित प्रतियोगिता आयोजना गरिएको बताए। प्रतियोगितामा रुपन्देहीका २६ कलेजका २६० खेलाडी सहभागी छन्।

१४ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ५० हजार, द्धितीय हुने टिमले ३० हजार, बेस्ट प्लेयरले २ हजार ५००, हाइ स्कोररले २ हजार ५००, बेस्ट गोल किपरले २ हजार ५०० मेडल र प्रत्येक खेलमा उत्कृष्ट खेलाडीले मेडल र ५५५ प्राप्त गर्ने विद्यालयका प्लस टु संयोजक पवन बस्यालले जानकारी दिए। बिग एजुकेश कन्सलटेन्सी मुख्य प्रायोजक रहेको प्रतियोगिता सम्पन्न गर्न ७ लाख खर्च लाग्ने अनुमान आयोजकको छ।


## Sainamaina Municipality
### Office of Municipal Executive
### Buddhanagar, Rupandehi

# Invitation for Bids

Date of publication: 2081-09-12

1. Sainamaina Municipality invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office ofSainamaina Municipality, Buddhanagar, Rupandehi. Mailing address: sainamainamunicipality@gmail.com, telephone number: 071-440553 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.3000, in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha
   Name of Office: Sainamaina Municipality Office
   Office Account no.: Internal Revenue Account
   A/C No. 0414201659915011
4. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2081-10-02.
5. Electronic bids must be submitted to the office Sainamaina Municipalitythrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noon on 2081-10-13. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2081-10-13at the office of Sainamaina Municipality. Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost(Without VAT and Cont) | Bid Security (Rs.) | Cost of Bid Document(Rs) |
|---|---|---|---|---|
| NCB/13/ 081-82 | Blacktopped Maintenance/ Upgrading Works of Several Roads at All Wards (1-11) of Sainamaina Municipality | Rs.1,39,32,485.89 | 4,15,000 | 3000 |

Chief Administrative Officer



## Tinau Rural Municipality
### Office Of The Rural Municipal Executive
### Dobhan, Palpa

# Notice of Invitation for Bids

Publication Date: 2081/09/12

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidder/Suppliers for The Procurement, Supply and Delivery of Food Items for Mashyam H.S.S., Tinau-6, Palpa.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO'se-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs.on 29 Poush.and Bid Opening will be held on same day at13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract Number | Descriptionof Works | Estimated Amount | Bid Security Amount(NRs) | Bid Document Fee(NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ/ GOODS/02/ 2081-082 | The Procurement, Supply and Delivery of Food Items for Mashyam H.S.S | 10,34,816.18/- | 30,000/- | 1,000/- | Online E-Bid(SQ) |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. **Information to deposit the costof bidding document in Bank:**
   Name of the Bank: Laxmi Sunrise Bank Limited.
   Name of Office: Office of Tinau Rural Municipality
   Office Codeno.:40-365-13 Rajasho Shirsak Num:-14229040.
   Office Account No:-08103000028(For Bid Fee),Office Account No.:- 08103000185(For Bid Security)

**Cheif Administrative Officer**



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला पौदी अमराइगा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मुसिकोटन.पा. वडा नं. ०१, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री भविश्वर दर्लामीको छोरी श्री दलबहादुर पुनको पत्नी बर्ष ९४ की श्रीमती डिला भन्ने डिला पुन(नागरिकता नं. ४२९१जि.प्र.का गुल्मी मिति २०४३/१०/१८मा जारी) को मिति२०८०/११/२२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४७४१ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री ओम बहादुर पुनले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती डिला भन्ने डिला पुन (नागरिकता नं. ४२९१ जि.प्र.का गुल्मी मिति २०४३/१०/१८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्रदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला जुभुङगा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ०८, बस्ने श्री जीतबहादुर पल्लीको नाती श्री टिकाराम पल्लीको छोरा श्रीमती हरिकला पल्लीको पती बर्ष ७०को श्री बलिराम पल्ली (नागरिकता नं. १८०४ जि.प्र.का गुल्मी मिति २०४५/०७/२३मा जारी) को मिति २०८१/०६/१२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०७००८२३ मा भएको रकम भुक्तानी पाउँ भनि निजको पत्नी श्रीमती हरिकला पल्लीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री बलिराम पल्ली(नागरिकता नं. १८०४ जि.प्र.का गुल्मी मिति २०४५/०७/२३मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्रदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

# उपाधि न्यू होराइजन बुटवललाई



बुटवल। बुटवलमा भएको दशौं जिल्लास्तरीय एभरेष्ट कप छात्रा भलिबल प्रतियोगिताको उपाधि न्यू होराइजन इङलिस बोर्डिङ स्कुल बुटवलले जितेको छ।

रुपन्देही जिल्लाभरीका तीन दर्जन विद्यालयलाईपछि पार्दै न्यू होराइजनले उपाधि जितेको हो। उसले कालिका मानवज्ञान माध्यमिक विद्यालयलाई ३-० को सेटमा हराउँदै उपाधि कब्जा गरेको हो।

उपाधिसहित न्यू होराइजनले नगद ३० हजार, शिल्ड तथा प्रमाणपत्र हात पार्यो । यस्तै प्रतियोगितामा द्वितीय बनेको कालिका मानवज्ञानले नगद २० हजार, शिल्ड तथा प्रमाणपत्र हात पारेको हो। यस्तै प्रतियोगितामा कुँवरवर्ती इङलिस माविले तृतीय स्थान हासिल गरेको छ।

कुवरवर्तीले एभरेष्ट इङलिस बोर्डिङ मावि बुटवललाई तीन दुईको सेटमा हराउँदै तृतीय स्थान हासिल गरेको हो । तृतीय स्थान हासिल गर्दै कुवरवर्तीले नगद १० हजार, शिल्ड तथा प्रमाणपत्र हात पारेको खेल संयोजक अर्जुन घिमिरेले जानकारी दिए।

## पत्रकार महासंघ कपिलवस्तुमा पद हस्तान्तरण

बुटवल । नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाको पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नवनिर्वाचित केन्द्रीय सदस्य विकास बन्जाडेले अबको पत्रकारितालाई व्यवसायिक र जवाफदेही बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो।

उहाँले पत्रकारितालाई मिशन र मर्यादामा आधारित राखेर समाज रुपान्तरणमा योगदान पुर्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

पद हस्तान्तरण कार्यक्रममा बोल्दै प्रदेश अध्यक्ष बसन्त गिरीले पत्रकारिता क्षेत्रमा भइरहेको चुनौती र समस्याबारे चिन्ता व्यक्त गर्नुभयो । अबको पत्रकारिता कठिन मोडमा छ र यसलाई नयाँ सोच र दृष्टिकोणका साथ अघि बढाउन आवश्यक रहेको उहाँको भनाइ छ।

यस्तै, निर्वाचन समितिका संयोजक सरोज खनालले पत्रकारिता पेशागत स्तरमा सुधार ल्याउन आवश्यकता रहेको बताउदै सञ्चारकर्मी र सञ्चार क्षेत्रलाई उत्पादनमुखी र गुणस्तरीय काममा समर्पित गर्नुपर्ने कुरामा जोड दिनु भयो साथै उहाँले निश्पक्षय कलम चलाउन पनि आग्रह गरे।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष डिलाराम भुसालले पत्रकारितामा निष्पक्षता र पारदर्शिताको महत्त्व बारे बताउदै पत्रकारिता सधैं जनताको हक र अधिकारको पक्षमा खडा रहनुपर्ने बताए । यसले साँचो सूचना र तथ्यहरूको माध्यमबाट जनताको विश्वास जित्नुपर्ने बताए । नवनिर्वाचित प्रदेश सदस्य सरिता थारुले पछिलो समय संचार क्षेत्रमा महिलाको सङख्या कम भएको बताउदै महिलाको क्षेत्रमा पनि विभिन्न कार्यकम्रको आवश्यक रहेको बताए।

नेपाल पत्रकार महासंघका नवनिर्वाचित अध्यक्ष किरणमान बज्राचार्यको अध्यक्षतामा उपाध्यक्ष हरि अधिकारीको स्वागत मन्तव्यमा भएको कार्यक्रम सञ्चालन सचिव जानु पाण्डेले गरेका थिए । कार्यक्रममा निर्वाचन समितिका सदस्य शम्भु शैनी लगायत पत्रकारहरूको उपस्थिति रहेको थियो । निवर्तमान अध्यक्ष बज्राचार्यले पत्रकारको हक हितमा सदैव साथ रहने प्रतिबद्धता जनाए।


• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८१/०९/१२**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बुटबल बाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरणः**
१. **नामः स्काई निर्माण सेवा**, ठेगानाः रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नं. ४ दर्ता नं. ८६४०/०६८/०६९, जारी मितिः २०६९/०१/२७, जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देही पान नं.: ३०५१४४८३४, मितिः २०६८/०८/१८, प्रोप्राईटरः दुर्पता फुल्लेल, कर्जाः हायर पर्चेज
**सूरक्षण बापत धितोको विवरणः**
गुडविल फाइनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी स्काई निर्माण सेवाको नाममा यातायात ब्यवस्था कार्यालय साना ठुला सवारी वागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको SSANGYONG MUSSO GRAND, दर्ता नं.: PRA3-01-024-CHA 1381, च्यासिस नं.: KPAY62EESLP098727, इन्जिन नं.: 67296020514462 बनेको साल 2020
**व्यक्तिगत जमानीकर्ताः**
**नामः झविन्द्र फुल्लेल**, ठेगानाः अर्घाखाचि जिल्ला छत्रदेव गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने, बाबुः ईश्वरी प्रसाद फुल्लेल, बाजेः विनीराम फुल्लेल, ना.प्र.नं.: ५०९३/२५१९/२६२९, जारी मितिः २०५२/०८/१९ जि.प्र.का. अर्घाखाचि
**नामः झंकार फुल्लेल**, ठेगानाः अर्घाखाचि जिल्ला छत्रदेव गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने, बाबुः झविन्द्र फुल्लेल, बाजेः ईश्वरी प्रसाद फुल्लेल, ना.प्र.नं.: ४०-०१-७५-०४२३८, जारी मितिः २०७५/०८/१८ जि.प्र.का. अर्घाखाचि
**नामः दुर्पता फुल्लेल**, ठेगानाः अर्घाखाचि जिल्ला मरेङ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने, बाबुः उम प्रसाद घिमिरे, ससुराः ईश्वरी प्रसाद फुल्लेल, पतिः झविन्द्र फुल्लेल, ना.प्र.नं.: ५८२, जारी मितिः २०६९/१२/१५ जि.प्र.का. अर्घाखाचि

**ऋणीको विवरणः**
२. **नामः कल्पना आचार्य**, ठेगानाः नवलपरासी जिल्ला पंचनगर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० बस्ने, बाबुः कृष्ण प्रसाद आचार्य, ससुराः यज्ञ प्रसाद घिमिरे, पतिः सुर्य प्रकाश घिमिरे, ना.प्र.नं.: ४५८२२, जारी मितिः २०५५/०२/२४ जि.प्र.का. नवलपरासी
**सूरक्षण बापत धितोको विवरणः**
नवलपरासी जिल्ला पंचनगर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० बस्ने, कल्पना आचार्य, बाबुः कृष्ण प्रसाद आचार्य, ससुराः यज्ञ प्रसाद घिमिरे, पतिः सुर्य प्रकाश घिमिरे, ना.प्र.नं.: ४५८२२, जारी मितिः २०५५/०२/२४ जि.प्र.का. नवलपरासीको नाममा रहेको नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० साविक नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं. ३/ख र ३/ग कित्ता नं. २०२२ र ७७० क्षेत्रफल ०-०-११.२५ र ०-०-९-० को जग्गा तथा उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चने लिग लगापात समेत ।
**व्यक्तिगत जमानीकर्ताः**
**नामः सुर्य प्रकाश घिमिरे**, ठेगानाः नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल ऐ जिल्ला ऐ न.पा. वडा नं. ऐ बस्ने, बाबुः यज्ञ प्रसाद घिमिरे, बाजेः विष्णु दत्त घिमिरे, ना.प्र.नं.: ३-१८९८/६९५, जारी मितिः २०४४/०२/३० जि.प्र.का. नवलपरासी
**नामः पुष्पराज आचार्य**, ठेगानाः नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ऐ जिल्ला ऐ न.पा. वडा नं. ऐ बस्ने, बाबुः कृष्ण प्रसाद आचार्य, बाजेः देव शर्मा, ना.प्र.नं.: ४६७८६, जारी मितिः २०५५/०५/१६ जि.प्र.का. नवलपरासी

**ऋणीको विवरणः**
३. **नामः रमादेवि चौधरी थारु**, ठेगानाः रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ जिल्ला सैनामैना न.पा. वडा नं. ५ बस्ने, बाबुः कन्है थारु, बाजेः बद्रिनाथ थारु, पतिः श्री प्रसाद चौधरी थारु, ना.प्र.नं.: १७६/१९२७३, जारी मितिः २०५९/०८/२२ जि.प्र.का. रुपन्देही
**सूरक्षण बापत धितोको विवरणः**
रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ जिल्ला सैनामैना न.पा. वडा नं. ५ बस्ने, रमादेवि चौधरी थारु, बाबुः कन्है थारु, बाजेः बद्रिनाथ थारु, पतिः श्री प्रसाद चौधरी, ना.प्र.नं.: १७६/१९२७३, जारी मितिः २०५९/०८/२२ जि.प्र.का. रुपन्देहीको नाममा रहेको रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. ५ साविक रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स. वडा नं. ३/ख कित्ता नं. २५७५ क्षेत्रफल ०-०-६.५ को जग्गा तथा उक्त घरजग्गाले चर्चेको र भविष्यमा चर्चने लिग लगापात समेत ।
**व्यक्तिगत जमानीकर्ताः**
**नामः श्रीप्रसाद चौधरी थारु**, ठेगानाः रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ जिल्ला सैनामैना न.पा. वडा नं. ५ बस्ने, बाबुः मिन बहादुर थारु, बाजेः पुन्यमासी थारु, ना.प्र.नं. ४/१८६, जारी मितिः २०५०/०२/३२ जि.प्र.का. रुपन्देही
**नामः जानकी थारु**, ठेगानाः कपिलवस्तु जिल्ला महेन्द्रकोट गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ जिल्ला सैनामैना न.पा. वडा नं. ५ बस्ने, बाबुः नारायण थारु, ससुराः श्रीप्रसाद चौधरी, पतिः मनोज कुमार चौधरी, ना.प्र.नं.: ३८१०५२/१०९२, जारी मितिः २०६५/०९/३ जि.प्र.का. कपिलवस्तु

**ऋणीको विवरणः**
४. **नामः उत्तरगंगा रियलस्टेट प्रा. लि.**, ठेगानाः रुपन्देही जिल्ला बुटबल उ.म.न.पा. वडा नं.३ दर्ता नं. २६७८९३/०७८/०७९ जारी मितिः २०७८/०४/२८ जारी गर्ने कार्यालयः कम्पनि रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, पान नं. ६१००५५९५३, मिति २०७८/०५/१०, अख्तियार प्राप्त ब्यक्तिः हिमाल कुमाई, कर्जाः हायर पर्चेज
**सूरक्षण बापत धितोको विवरणः**
(क) कम्पनि रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ दर्ता नं. २६७८९३/०७८/०७९ जारी मितिः २०७८/०४/२८ पान नं. ६१००५५९५३, मितिः २०७८/०५/१० प्राप्त गरी रुपन्देही जिल्ला बुटबल उ.म.न.पा. वडा नं. ३ मा संचालित उत्तरगंगा रियलस्टेट प्रा.लि.को नाममा रहेको नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १३ साविक नवलपरासी जिल्ला रामनगर गा.वि.स. वडा नं. ४/घ कित्ता नं. १२७ क्षेत्रफल ०-१-०-० को जग्गा तथा उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चने लिग लगापात समेत ।
(ख) गुडविल फाइनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी उत्तरगंगा रियल स्टेट प्रा. लि.को नाममा यातायात ब्यवस्था कार्यालय सवारी रुपन्देहीमा दर्ता कायम रहेको NEW HOLLAND 5500 4WD TRACTOR दर्ता नं. LU 4 TA 9980 / LU 4 TA 9979 च्यासिस नं.: NH2561963, NH2561787, इन्जिन नं.: 329992DT, 329744DT बनेको साल 2021
**व्यक्तिगत जमानीकर्ताः**
**नामः सविन कुमाई**, ठेगानाः वागलुङ जिल्ला वोवाङ गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल वागलुङ जिल्ला ढोरपाटन न.पा. वडा नं. ७ बस्ने, बाबुः चन्द्र सि कुमाई, बाजेः विरे कुमाई, ना.प्र.नं.: ५०-०२-७४-०१७२१, जारी मितिः २०७४/०७/२४ जि.प्र.का. बागलुङ
**नामः चन्द्र सि.कुमाई**, ठेगानाः वागलुङ जिल्ला वोवाङ गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल वागलुङ जिल्ला ढोरपाटन न.पा. वडा नं. ७ बस्ने, बाबुः विरे कुमाई, बाजेः उदिमान कुमाई, ना.प्र.नं. ३७५६/१७६१, जारी मितिः २०४०/०३/०९ जि.प्र.का. बागलुङ
**नामः हिमाल कुमाई**, ठेगानाः वागलुङ जिल्ला वोवाङ गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटबल उ.म.न.पा. वडा नं. ३ बस्ने, बाबुः चन्द्र सि कुमाई, बाजेः विरे कुमाई, ना.प्र.नं.: ५०१०६०/२२१११, जारी मितिः २०६७/०८/१४ जि.प्र.का. बागलुङ

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •



लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास डिभिजन कार्यालय,
तौलिहवा कपिलवस्तु

## इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१।०९।१२

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य खरीद गर्न इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएकोले आजको मितिले ३१ औ दिन भित्र दिउसो १२ वजे भित्रइच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीले bolpatra.gov.np/egp मार्फत इलेक्ट्रोनिक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना तथा जानकारीको लागि bolpatra.gov.np/egp रयस कार्यालय (मो.नं.९८५७०५००१३,१४) मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ।

| Procurement Title | Contract ID | Cost estimate (Including VAT & PS) | Bid Fee | Bid Bond |
|---|---|---|---|---|
| Construction of Three Room School Building of Janpriya Ma.Vi. Bhumikasthan Municipality-5, Arghakhanchi | SDDO.ARGHA. WORKS.NCB. JANPRIYA-10/81.82 | 19,45,053.62 | 3000/- | 50000/- |



## Sunwal Municipality

### Office of the Municipal Executive

Sunwal-1, Nawalparasi

Lumbini Province,

## Request For Quotation

For

**HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING**

[Date of First Publication: B.S. 2081/09/11 (AD 2024/12/26)]

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Sunwal Municipality, Nawalparasi District has received funds on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm for Skills Development Training in Sunwal Municipality***.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Sunwal Municipality, Nawalparasi District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S.N. | Description | RFQ Document fee | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date & Time) | RFQ-Opening Date & Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Sunwal Municipality (SUNWAL/PMEP/YETI/01/2081/082) | Rs. 1000 | 2081/09/25 12:00 Noon | 2081/09/26 2:00 Noon | 2081/09/26 2:00 PM |

4. Bidder Should deposit the cost of bidding document in the office revenue account Via Local Revenue- (LLRP Mobile apps) or, Sutrarevenue.fcgo.gov.np or, directly from Revenue section, Sunwal Municipality (Revenue Code No.: 14229 )
5. The details of the service requirements, eligibility and qualifications required are found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of the last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The Sunwal Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to the Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please visit www.sunwalmun.gov.np , https://sunwalmun.com or contact to the Sunwal Municipality, Sunwal, Nawalparasi Ba.Su.Pa..
Contact No.:9857638111



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवल मेलाको फिस टनेल र बाल उद्यानमा आकर्षण



बुटवल । बुटवलमा जारी औद्योगिक व्यापार मेलामा दर्शकहरुको मुख्य आकर्षण दुबई फिस टनेल र बाल उद्यान भएका छन् । पुस ३ गतेबाट सुरु भएको मेलामा बुटवलमा पहिलोपटक भित्राइएको फिस टनेल हेर्न बालबच्चादेखि युवा र प्रौढ उमेरका दर्शकको भीड लाग्ने गरेको छ । दुबईमा समुन्द्र मुनि रहेको टनेलको झल्को दिने गरी बनाइएको फिस टनेल अहिले मेलाको प्रमुख आकर्षण बन्न पुगेको हो ।

अन्य स्थानको तुलनामा विगतदेखि नै बुटवलको मेलामा धेरैको आकर्षण नै हुने गरेको छ । मेला हेर्न पुगेका अधिकांशको पहिलो रोजाई सिफ टनेल हुने गरेको सुनेर आफूहरु पनि आएको मेलामा भेटिएका प्रदिप खनाल, खुसी क्षेत्री र ज्योति शाहीले बताए ।

मेलामा पहिलो पटक ल्याइएको दुबई फिस एक्युरियम तथा फिस टनेल यस पटकको लागि नयां र हेर्न लायक रहेको उनीहरुको भनाई छ । उनीहरुले दुबईमा हेर्न पाईने फिस टनेल बुटवलको मेलामा डेढ सय रुपैयांमा हेर्न पाउनु नौलो भएको प्रतिक्रिया दिएका छन् ।

फिस टनेलको अवलोकन गर्ने,सेल्फी खिच्ने र टिकटक बनाउनेको घुइचो नै लागेको छ ।

बुटवलको मेलामा बाल उद्यान र फिस टनेल ल्याएको राजधानी एमुजमेन्ट राईड्स नेपालले बाल उद्यानसहित फिस टनेल सञ्चालन गरिरहेको व्यवस्थापक कृष्ण शर्मा पौडेलले बताए । कम्पनीले ठूलो लगानी गरेर नेपालमै पहिलोपटक फिस टनेल ल्याएको र यसले मेलामा नौलोपन दिएको उनले बताए ।

मेला अवधिभरका लागि ५ सय बढी स्थानियलाई रोजगारी समेत दिइरहेको पौडेलले बताए । बुटवलको मेलामा सांगितिक कार्यक्रमसँगै बाल उद्यानमा समेत उत्तिकै आकर्षण देखिन्छ । मेला स्थल दिउंसोको समयमा भन्दा साँझ विभिन्न लाईटिङ्गले रोमाञ्चक देखिन्छ । बुटवलको मेलालाई केही फरक बनाउने कोसिस गर्रिंदै आइएको बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरि प्रसाद अर्यालको भनाई छ । यस पटक विगत भन्दा केही पृथक् र व्यवस्थित तरिकाले बुटवलको स्थायी प्रदर्शनी स्थल बुटवल मण्डपमा मेला लगाइएको हो ।

संघले आयोजना गरेको यो २४ औं संस्करणको औद्योगिक व्यापार मेला हो । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा बुटवल उपमहानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बुटवल मण्डपमा औद्योगिक व्यापार मेलामा ५ सय स्टल सहभागी छन् भने ५ लाख बढी दर्शकले अवलोकन गर्ने र मेला भित्र १५ करोड बढीको कारोबार हुने अनुमान गरिएको छ ।

## Jhimruk Rural Municipality

Office of the Rural Municipal Executive
Bhyagute, Pyuthan
Lumbini, Province, Nepal

# Invitation for Bids

Date of Publication: 2081/09/12 (AD 27/12/2024)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under National Competitive Bidding procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount (Including Ps & VAT). | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | IFB No.: JRM/NCB/ WORKS/04/2081/082 | Ward no. 7 ko ward karyalaya Bhaban Nirman. | NRs. 8,549,168.61 | NRs. 2,45,000.00 | NRs. 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile 857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo or before 12 Hours on 2081/10/13 (AD 26/01/2025). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/10/13 (AD 26/01/2025), 1:00 pm at the office of Jhimruk Rural Municipility Ofice of Rural Municipal Executive, Bhyagute Pyuthan. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 2,45,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days)
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

## ADARSHA SECONDARY SCHOOl

RAMGRAM,5 PARASI, NAWALPARASI

Lumbini Province, Nepal

### Invitation for Bids-(E-bidding only)

First Date of publication 27th December,2024AD

Adarsha Secondary School, Ramgam -5,Nawalprasi invites E-bidding only from eligible and qualified bidders for the prcurement of the follwoing projects.

| Contract no | Name of Project | Estimated Amount (Excluding VAT, PS and Contingency) Nrs. | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|
| AAD/ NAMUNA /081/082/01 | Construction of Adminstrative Buillding of Adarsha School | 1,34,689.82 | 3,10,000,00/- | |

- Eligible bidders must visit PPMO website www.bolpatra gov.np/egp to obtain further infromation and inspect the bidding documents.




हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com